सर्वोच्च अदालत
काठमाडौं, नेपाल

प्रधान न्यायाधीश

## २०७६ साल बैशाख २६ गते कानून दिवसका उपलक्ष्यमा सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूबाट व्यक्त शुभकामना सन्देश

सर्वप्रथम, "**कानून दिवस, २०७६**" को उपलक्ष्यमा म सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रधान न्यायालयको ऐन, २००८ विक्रम संवत् २००९ साल वैशाख २६ गतेबाट लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष बैशाख २६ गतेको दिनलाई कानून दिवसको रुपमा मनाईंदै आएको छ।

स्वतन्त्र न्यायपालिका, विधिको शासन, संवैधानिक सर्वोच्चता एवम् लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध रहँदै निष्पक्ष र सक्षम न्यायपालिकाको प्रवर्द्धन गर्न र सहज पहुँचयुक्त एवम् जनआस्थामा आधारित न्याय पद्धतिको स्थापना र विकास गर्न आजको दिनले थप हौसला प्रदान गर्ने विश्वास समेत लिएको छु।

**कानून दिवस, २०७६** ले समानता, न्याय र विधिको शासनको सुनिश्चितताका लागि आ-आफ्नो ठाउँबाट योगदान गर्ने सकारात्मक सोच, प्रेरणा र क्षमता सबैमा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

चोलेन्द्र शम्शेर ज.ब.रा.
प्रधान न्यायाधीश

२०७६ साल बैशाख २६ गते बिहीबार।

सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं,पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np